मिति: १२ जेठ, २०७९

स्थानीय निर्वाचन २०७९ मा नव निर्वाचित जन-प्रतिनिधि हरु नगर प्रमुख, उप प्रमुख तथा १२ वटै वडाका वडा अध्यक्ष ज्यूहरुलाई बधाई तथा आगामी कार्यकालको लागि सुभ-कामना सहित थाहा नगर होटेल, रिसोर्ट व्यवसायीहरुको तर्फबाट सल्लाह, सुझाव सहितको ज्ञापनपत्र :

कृषि, पर्यटन र पूर्वाधार - थाहा नगरको आधार भन्ने नारा बोकेको थाहा नगरको समग्र र एकीकृत पर्यटनको बिकाशको लागि केहि दिर्घकालिन ठोस नीतिगत निर्णयहरु, केहि पूर्वाधारका कामहरु र केहि तत्कालै गर्नुपर्ने समस्या समाधानमा पहलका कामहरु आवस्यक रहेको हुनाले यस नगरमा संचालित विभिन्न होटेल, रिसोर्ट व्यवसायीहरुको सामुहिक छलफल बाट निम्न लिखित माग तथा सल्लाह / सुझाव पेश गर्दछौं ।

तत्काल गरिनु पर्ने कामहरु:

१. पर्यटकीय नगर भनेर चिनिएको र पर्यटन लाई मूल नारा बनाएको नगरपालिकामा हालसम्म पर्यटन हेर्ने छुट्टै शाखा नहुनु अत्यन्त दुखद र नगरपालिकाको पर्यटन प्रवर्धन प्रतिको पहल कम भएकोले, तत्काल पर्यटन शाखाको स्थापना गरी सरोकारवालाहरु संगको समन्वयमा काम सुचारु गर्ने I नगर भरीका पर्यटकीय महत्व बोकेका धार्मिक, एइतिहसिक, संस्कृतिक स्थान तथा बस्तुको पहिचान, सूचीकरण गर्ने र प्रवर्धनको सुरुवात गर्ने । पर्यटन र शहरी बिकाश सम्वन्धि बिज्ञ नियुक्ति र उनीहरुको सक्रिय सहभागिता / सल्लाह सुझावको आधारमा एकीकृत पर्यटकीय बिकाश योजना निर्माण ।

२. बिधुत आपूर्ति सुचारु र सुनिश्चित गर्नको लागि नेपाल बिधुत प्राधिकरणको स्थानीय र माथिल्लो निकाय संग पहल, समस्याको पहिचान र समस्या समाधानमा पहल तथा समन्वय ।

३. धेरै जसो टेलिफोन टावरहरुमा भएका कमजोर व्यकअप सिस्टम (इनभर्टर) को कारणले बिधुत आपूर्ति नहुने बितिकै मोबाइल सिग्नल पनि नहुने समस्याको लागि नेपाल टेलिकम को स्थानीय, क्षेत्रीय वा माथिल्लो निकाय संग पहल, समस्याको पहिचान र समस्या समाधानमा पहल तथा समन्वय ।

४. पर्यटकीय थाहा नगर घुम्न आउनु भएका पर्यटकहरुको सुबिधालाई मध्यनजर गरि - विभिन्न नाका, चोकहरुमा पर्यटकीय सूचना पाटी, धार्मिक तथा ऐतिहसिक ठाउँहरु सहितको घुम्न मिल्ने ठाउँहरुको नक्सा, होटेल - रिसोर्टको बर्गिकरण सहितको सुची आदि राख्नको लागि तत्कालै बजेट बिनियोजन र कार्यन्वयन गर्ने ।

५. आन्तरिक तथा बाह्य पर्यटकहरुको धेरै चहल पहल हुने ठाउँहरुको पहिचान गरी उक्त ठाउँहरुमा खाने पानी, सार्वजनिक शौचालय, डस्टबिन, लगायत संरचनाहरु निर्माण र संचालनका लागि आवश्यक बजेट बिनियोजन र कार्यन्वयन गर्ने ।

६. आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि भरपर्दो भाडाको यातायात (ट्याक्सी, टेम्पो लगायत आदि)को व्यवस्था नभएको र भएका भाडाका यातायात बिशेषत: टुकटुके टेम्पोको भाडादर ब्यबहारिक र एकरुपता नभएकोले सरोकार वालाहरुको समन्वयमा ब्यबहारिक र एकरुपता पर्यटकीय भाडादर कायम गर्ने ।

७. पर्यटकहरुको चहल पहल धैरै हुने र मुख्य चोक बस्ति हरुमा नगरपालिकाका विभिन्न इन्टरनेट पदायक कम्पनिहरु संगको सहकार्यमा free WiFi zone स्थापनाको लागि पहल गर्ने साथै इन्टरनेट पदायक कम्पनिहरुको समस्या पहिचान तथा समाधान गरी पर्यटक स्तरीय, भरपर्दो इन्टरनेट सेवाको लागि पहल गर्ने

८. पर्यटकहरुको सुरक्षा, सहयोग र जानकारी प्रदान गर्ने उदेश्यले पर्यटक प्रहरी को व्यवस्था गर्ने, कम्तिमा हालको लागि हप्ताको २ मुख्य दिनहरुमा पर्यटक प्रहरी परिचालन गर्ने

९. हरेक वडाको - पर्यटकीय महत्वका ठाउँ र बिषय समावेश गरि वडा प्रोफाइल तयार गर्ने, समग्रमा नगर प्रोफाइल तयार गर्ने

१०. फोहोर ब्यबस्थापन तथा दिर्घकालिन समाधान

११. पर्यटकीय बाटोको पहिचान र स्तरीकरणको लागि बजेट बिनियोजन

मध्यकाल (१-२ बर्ष) भित्रमा गरिनु पर्ने कामहरु:
१. छिमेकि पालिकाहरुमा भएका पर्यटकीय स्थानहरुको फाइदा लिन सकिने गरि समन्वय गर्ने
२. नगरपालिका भित्रका सार्वजनिक जग्गा पहिचान, सुचिकृत, संरक्षण
३. नगरपालिकामा पर्यटन बिकाशमा योगदान गर्ने साना, मझौला, ठुला पर्यटकीय आयोजनाहरुमा बाह्य लगानीको लागि छिमेकि शहर केन्द्रित लगानी सम्मेलन ।
४. पर्यटन प्रवाधनात्मक कार्यक्रम हरु
५. पर्यटन व्यवसायीहरुको लागि तालिम, प्रशिक्षण कार्यक्रमको आयोजना, समन्वय
६. पर्यटक आकर्षित गर्न सक्ने पार्क, गार्डेन, आकर्षक र इनोभेतिव संरचना निर्माणको
७. १ वा २ वटा नमुना पर्यटकीय सडक को अवधारण र निर्माण
८. अघिल्लो कार्यकालमा शुरु गरिएका पर्यटकीय आयोजनाको निरन्तरता, कार्यान्वन र अनुगमन
९. दामन भ्यु टावर लगायत अन्य पर्यटकीय संरचनाको उचित ब्यबस्थापन
१०. खानेपानी मूल पहिचान, संरक्षण र प्रयोग

दिर्घकालिन नितिगत कार्यहरु :
१. एकीकृत पर्यटन प्रवर्धनको ठोस नीति तयार गर्ने
२. पर्यटकीय ठाउँ, क्षेत्रको पहिचान, सुचिकृत, संरक्षण र बिकाश को नीति तयार गर्ने
३. पर्यटकीय पूर्वाधार निर्माण, संरक्षण र बिकाश को नीति तयार गर्ने
४. पर्यटकीय व्ययसायलाई सहयोग पुग्नेगरि कर छुट, सुविधा, अनुदान सम्वन्धि अध्यन गर्ने, नीति बनाउने
५. बाटो, बिद्यालय, स्वाश्थ्य सस्था, पुल, पार्क आदि संरचना / पूर्वाधार गर्दा पर्यटन मैत्री निर्माण गर्ने नीति बनाउने
६. नयाँ घर बस्ति पसल वा अन्य औधोगिक पूर्वाधार निर्माण अनुमति दिदा हाम्रो स्थानीय संस्कृति, दिजैन, आफ्नो पन झल्किने गरि बनाउन प्रेरित, उत्प्रेरित वा बाध्यकारी नीति बनाउने
७. पर्यावरण संरक्षणको लागि नदि, खोला, झरना, पनि मुहान, जंगल, संरक्षण नीति
८. सार्वजनिक जग्गा पहिचान, सुचिकृत, संरक्षण नीति
९. पर्यटन मैत्री सार्वजनिक यातायात नीति
१०. पर्यटन मैत्री स्थानीय खाना, पेय, आदि उत्पादन नीति
११. पर्यटन मैत्री स्वस्थ नीति

१२. पर्यटन मैत्री कृषि नीति
१३. पर्यटन मैत्री सुरक्षा नीति
१४. फजुल, कम उपयोगी वा उपयोगविहीन संरचना, आयोजना जस्तै भ्यु टावरहरुमा शुन्य लगानी को नीति, बरु बहुपयोगी पर्यटन मैत्री पार्क, बगैचा, पर्यटकीय बाटो निर्माण, आकर्षक र इनोभेतिव संरचना निर्माणको नीति
१५. प्राचिन वस्ती र तिनीहरुको सौन्दर्य संरक्षणको लागि बिशेष नीति
१६. धार्मिक पर्यटन बिकाश र प्रवर्धनको नीति
१७. शाहसिक पर्यटन बिकाश र प्रवर्धनको नीति
१८. खेल पर्यटन बिकाश र प्रवर्धनको नीति
१९. पर्यटन ब्यबसाय मैत्री लगानी, कर नीति
२०. १२ वडाहरु मध्ये कुन कुन वडा पर्यटकीय महत्वका छन्, त्यसको पहिचान प्राथमिकीकरण र सोहि अनुरुपको पर्यटन बजेट / कार्यक्रमको कार्यान्वन
२१. पर्यटकीय हब हरु, कृषि उत्पादन हबहरु, वा अन्य ठाउँ बिशेषको पहिचान, सोहि अनुरुपको लगानी नीति

उपस्थिति:
देवेन्द्र नेपाल - चित्लाङ्ग अर्गानिक रिसोर्ट, चित्लांग
शिव कुमार खत्री - गौरी शंकर होटेल, दामन
रामशरण नेपाल - चित्लांग रिसोर्ट, चित्लांग
शैलेश नेपाल - चित्लांग रिसोर्ट, चित्लांग
अमिर सिंह ठकुरी - गोट चिज होम स्स्टे, चित्लांग
केदार बलामी - गोठ बारी रिसोर्ट, बज्रबाराही
इन्द्र बहादुर श्रेष्ठ - बज्रबाराही
अनिल बिस्ट - सुनगाभा रिसोर्ट, दामन
हरेराम कार्की - शाहारा रिसोर्ट, दामन
रबि चन्द्र हमाल - एभेरेस्ट पनारोमा रिसोर्ट, दामन
अर्जुन सिंह ठकुरी - ओम अध्याय रिट्रिट प्रा लि, बज्रबाराही
ललित सिंह ठकुरी - ओम अध्याय रिट्रिट प्रा लि, बज्रबाराही

—
—